अर्जुनधारा नगरपालिका

**नगर कार्यपालिकाको बैठक**

**बैठक संख्याः** १४/०७९/०८० **मितिः**२०७९/१०/२५

**अध्यक्षताः** नगर प्रमुख श्री बलदेवसिंह गोम्देन तामाङ्ग

**उपस्थितिः**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री बलदेवसिंह गोम्देन तामाङ्ग | उपस्थित |
| उप प्रमुख | श्री खड्गमाया पराजुली | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिताराम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री खगेन्द्र इङ्गनाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | उपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरीया | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | उपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव, प्रमुख प्रशासकीय अधिकृत | श्री गीताकुमारी राई | उपस्थित |

अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको मिति २०७९ साल माघ २५ गते बसेको बैठकबाट निम्न बमोजिम निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।

१. अघिल्लो कार्यपालिकाको बैठकको निर्णयहरुको कार्यान्वयनका सम्बन्धमा समिक्षात्मक छलफल गरियो ।

२. **नगर सभामा पेश गर्ने प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा ।**

अर्जुनधारा नगरपालिकाको नगर सभाको बाह्रौं अधिवेशनमा निम्न बमोजिम प्रस्तावहरु स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो ।

(१) अर्जुनधारा नगरपालिकाको आर्थिक ऐनलाई संशोधन गर्न बनेको विधेयक,२०७९

(२) चालु आर्थिक वर्ष २०७९/०८० को संशोधित आय/व्ययको अनुमान तथा गत आर्थिक वर्ष २०७८/०७९ को यथार्थ आय र व्ययको विवरण

(३) चालु आर्थिक वर्ष २०७९/०८० का लागि स्वीकृत बजेट तथा कार्यक्रमहरुको संशोधन सम्बन्धि प्रस्ताव

३. **दीर्घरोगीहरुको मासिक वृत्ति भुक्तानी सम्बन्धमा ।**

मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षाघातका बिरामीलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ बमोजिम बिरामीहरुलाई नेपाल सरकारबाट उपलब्ध हुने मासिक भत्ता रु. ५०००/- भत्ता उपलब्ध गराउन तत्काल श्रोतको अभाव रहेकाले यस नगरपालिकाको स्वीकृत कार्यक्रम अन्तर्गत प्रकोप व्यवस्थापन कोषमा विनियोजित रकमबाट उपलब्ध गराई शोधभर्ना माग गर्ने निर्णय गरियो ।

४. **भूमिहीन दलित, सुकुम्वासी तथा अव्यवस्थित बसोवासीको निवेदन संकलन सम्बन्धमा ।**

राष्ट्रिय भूमि आयोगद्वारा मिति २०७७/११/१८ मा प्रकाशित ३५ दिने सूचना अनुसार यस अर्जुनधारा नगरपालिका भित्रका भूमिहीन दलित, सुकुम्वासी तथा अव्यवस्थित बसोवासीहरुको लगत संकलन भई प्रविष्टीको काम समेत सम्पन्न भई सके पश्चात तोकिएको समयावधि मत्रि विभिन्न कारणवश फारम पेश गर्न छुट भएका लाभग्राहीहरुले फाराम पेश गर्न माग गरी निवेदन दिने क्रम बढिरहेकाले आयोगद्वारा तोकिएको समयावधि भित्र फाराम पेश गर्न छुट भएका व्यक्तिहरुका लागि पुनः दोश्रो पटक ३५ दिने सूचना प्रकाशनका लागि राष्ट्रिय भूमि आयोगमा अनुरोध गर्ने निर्णय गरियो ।

५. **समझदारी पत्र अनुमोदन सम्बन्धमा ।**

PPP for Development of Agricultural Infrastructure Operation Guidelines, Development of Online Agri- Portal and Value Addition in the Dairy Sector कार्यक्रम सञ्चालन गर्न नगरपालिकाको रु १६ लाख लागत साझेदारी सहित सहज नेपाल कृषि बजार विकास कार्यक्रमसँग अर्जुनधारा नगरपालिकाको तर्फबाट हस्ताक्षर भएको समझदारी पत्रलाई अनुमोदन गर्ने निर्णय गरियो ।

६. **भूमी आयोगका प्राविधिकहरुलाई प्रोत्साहन भत्ता सम्बन्धमा ।**

अर्जुनधारा नगरपालका भित्र अव्यवस्थित बसोवासीहरुको जग्गा नाँपचाँज सम्बन्धि कार्यका राष्ट्रिय भूमि आयोग तथा यस नगरपालिकाबाट खटिएका प्राविधिक अमिनहरुले उक्त कार्यका लागि कार्यालय समय अघिपछि तथा विदानको दिनमा समेत कामकाज गर्नुपर्ने भएकाले निजहरुलाई साविकमा निर्णय गरी उपलब्ध गराइएको प्रोत्साहन सुविधामा मासिक रु २ हजारका दरले खाना खर्च थप गरी २०७९ श्रावण महिनादेखि २०७९ माघ मसान्त सम्मको भुक्तानी उपलब्ध गराउने र २०७९ फागुन महिनाबाट निजहरुको सुरु तलब स्केलको २५ प्रतिशत रकम खानाखाजा बापत उपलब्ध गराउने निर्णय गरियो ।

७. **विभिन्न आयोजना/कार्यक्रमका लागि बजेट विनियोजन सम्बन्धमा ।**

अर्जुनधारा नगरपालिका भित्र विभिन्न आयोजना तथा कार्यक्रमहरुका लागि रकम माग गरी प्राप्त निवेदन एवं आर्थिक सहयोगका लागि प्राप्त माग निवेदनहरु बमोजिम चालु आर्थिक वर्षको स्वीकृत बजेट अन्तर्गत निम्न शीर्षकहरुमा विनियोजन रकमबाट देहाय बमोजिम कार्यक्रमहरुमा रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रम/आयोजना/विवरण | रकम (रु) | श्रोत |
|---|---|---|---|
| १ | अर्जुनधारा-१०, कालिझोडामा नाला निर्माण | ८ लाख | मर्मत सम्भार |
| २ | नवदुर्गा आ.वि. वडा नं ४ को जंगली हात्तीले भत्काएको वाल कम्पाउण्ड मर्मत | २५ हजार | जहाँ अभर त्यहाँ नगर |
| ३ | शिव नारायण आ.वि. वडा नं ४ को टिनको छाना फेर्ने (अनुगमन गरी ल.ई बमोजिम) | | जहाँ अभर त्यहाँ नगर |
| ४ | वडा नं ११ सुवास चौक दक्षिण अनुप राईको घर अगाडी अनुमानित ३५ मी. नाला निर्माण (अनुगमन गरी ल.ई बमोजिम) | | मर्मत सम्भार कोष |
| ५ | वडा नं ४ नेवार गाउँमा नाला निर्माण | ८ लाख | जहाँ अभर त्यहाँ नगर |
| ६ | सेन्डुप छ्योलिङ गुम्बा वडा नं ५ को मर्मत सम्भार | ४ लाख | संघसंस्था प्रवर्द्धन |
| ७ | नगरस्तरीय सोनाम ल्होछार कार्यक्रम सञ्चालन सहयोग | ८० हजार | भाषा कला साहित्य |
| ८ | दाहालटार खाल क्षेत्रमा वडा नं २ मा इनार निर्माण | १ लाख २० हजार | **स्वच्छ खानेपानी आयोजना** |
| ९ | वडा नं २ को जागृति सेवा संघ चर्चमा शौचालय निर्माण | ७५ हजार | संघ संस्था प्रवर्द्धन |
| १० | सन्थाल जातिको फुटबल प्रतियोगिता सञ्चालन सहयोग | ५० हजार | खेलकुद |
| ११ | १८ वर्ष मुनिका खेलाडीहरुको नगरस्तरीय फुटबल प्रतियोगिता सञ्चालन सहयोग | ५० हजार | खेलकुद |
| १२ | वडा नं ५ प्रेम राईलाई डेंगुको कारण मरेको बंगुरको राहत स्वरुप | १० हजार | विपद् व्यवस्थापन |

**८. <u>औद्योगिक ग्राम बाटोमा नदी संरक्षण कार्यक्रम सम्बन्धमा ।</u>**

यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७९/०८० को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत अर्जुनधारा नगरपालिका वडा नं २ मा रहेको प्रस्तावित औद्योगिक ग्राम जाने बाटोमा टाङटिङ नदी संरक्षणका लागि तटबन्धन योजना सञ्चालनका लागि नेपाल सरकारको समपुरक अनुदान र नगरपालिकको साझेदारीमा नदी नियन्त्रणका लागि तटबन्धन योजना स्वीकृत भएको छ । उक्त योजनास्थल शनिश्चरे खुदुनाबारी सडक खण्डको टाङटिङ पुलको ५०० मिटर उत्तर तर्फ रहेको र उक्त योजना स्थलमा अत्याधिक मात्रामा नदीजन्य पदार्थ थुप्रिएकाले उक्त पदार्थ उत्खनन नहुँदा नदी उकास भई खोला बस्ती तर्फ जाने र तटबन्धन समेत भत्काउने अवस्था रहेकाले सो स्थानमा रहेको नदीजन्य पदार्थ उत्खनन गरी सोही स्थानको तटबन्धन निर्माण कार्यको योजनामा मात्र प्रयोग गर्ने गरी सहमतिका लागि जिल्ला विपद् व्यस्थापन समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।